# चेम्बर अफ कमर्सको ध्यानाकर्षण :

नेपाल राष्ट्र बैंकबाट जारी भएको चालु पुँजी कर्जासम्बन्धी मार्ग दर्शन २०७८ को मस्यौदा सम्बन्धमा नेपाल चेम्बर अफ कमर्सको देहाय बमोजिम धारणा रहेको छ ।

१. नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तिय संस्थाबाट प्रवाह हुने चालु पुँजीलाई कडाई गर्ने संकेत गरेपछि सबै उद्यमी व्यवसायी निरुत्साहित बनेका छन् ।

२. ब्यापार सहजिकरण तथा लगानी मैत्री वातावरणको निर्माणमा यो मार्गदर्शनको कार्यान्वयनले ठूलो अवरोध सिर्जना गर्नेछ ।

३. रु १ करोड सम्मको चालु पुँजीको कर्जाको सीमा निर्धारण बिक्रीको अधिकतम २० प्रतिशत सम्म मात्र रहने व्यवस्थाले बजारमा लामो समय सम्मका लागि उधारोमा हुने बिक्री तथा दशै तिहारको बेलामा मात्र ५० प्रतिशत विकि हुने सामानको लागी राख्नुपर्ने मौज्दात अहिलेको प्रस्तावित सिमाले पुग्दैन । वार्षिक कारोबार बिक्री को ५० प्रतिशत सम्म यो सिमा कायम गरिनु पर्दछ ।

४. रु १ करोड भन्दा बढी रकमको चालु पुँजीको कर्जा सिमाको लागि राखिएको व्यवस्थाहरु Permanent Working Capital र Fluctuating working capital निर्धारणमा अत्यन्त संकुचित छन् । यसले उद्योग व्यवसाय संचालन गर्न अत्यन्तै कठिन हुने देखिन्छ ।

५. रु १ करोड भन्दा बढीको चालु पुँजी कर्जा सिमाको निर्धारण बैंक तथा वित्तिय संस्थाहरु एवं उद्यमी व्यवसायीहरु विचको आपसी विश्लेषण वाट आवश्यकता अनुसार तय गरिने प्रावधान राखिनु पर्दछ । Debt-Equity ratio ८०% - २०% को रहनु पर्दछ ।

६. चालु पुँजी मार्गदर्शनको दफा ८.४मा गरिएको प्रावधान कम्तिमा ७ दिन शुन्य मौज्दातको व्यवस्था अत्यन्त अव्यवहारिक र पालन हुन नसक्ने भएकोले खारेज गरिनु पदछ ।

७. माथी उल्लेखित बमोजिम अन्य सम्पूर्ण अव्यवहारिक प्रावधानहरु मार्गदर्शन मस्यौदा वाट हटाइनु पर्दछ ।

८. यसअघि निश्चित व्याजदरमा कर्जा लिएका ऋणीहरु राष्ट्रबैंकको नीतिले निकै समस्यामा परेका छन । निश्चित आम्दानीको श्रोत देखाएर ८ देखि १० प्रतिशत सम्म व्याजमा ऋण लिएका साना ऋणीहरु व्याज एक्कासी १५ प्रतिशत सम्म पुग्दा निकै हतोत्साही भएका छन् । यतातर्फ राष्ट्रबैंकको ध्यान जान जरुरी छ ।